# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. : २१४

मिति : २०८२/०७/१२
ने.सं.११४६ कछलाथ्व सप्तमी

**विषय: शिक्षक आवश्यकता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस धुनिवेशी नगरपालिका अन्तरगतको तपसिलको सामुदायिक विद्यालयमा निम्न अनुसारको रिक्त पदमा पदपूर्तिका लागि पहिलो पटक १५ दिनको निम्नानुसारको विज्ञापन प्रकाशित गरिएको हुनाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आहान गरिन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद/तह | विषय | संख्या | विद्यालयको नाम र ठेगाना | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०५/२०८२/०८३ | मा.वि. | गणित | १ | महादेवस्थान मा.वि. धुनिवेशी न.पा. ५, धादिङ | राहत दरबन्दी | |

१. आवश्यक न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयान स्नातक तह वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. दरखास्त दिने अन्तिम मिति : २०८२/०७/२६ गते कार्यालय समय सम्म । दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

४. दरखास्त दिने स्थान : शिक्षा, युवा तथा खेलकुद शाखा, धुनिवेशी नगरपालिका, जुगेडी, धादिङ ।

५. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

६. परीक्षा सञ्चालन मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

७. दरखास्त दस्तुर : रु १०००।-(कार्यालयमा कागजात रुजु गरिसकेपछि नगरपालिकाको आन्तरिक राजश्व शाखामा राजस्व दाखिला गरी भौचर पेस गर्ने)।

८. दरखास्त दिने माध्यम : प्रत्यक्ष कार्यालयमा उपस्थित भएर वा ई-मेल ठेगाना dhunibeshimun.edu@gmail.com वा dhunibeshimun@gmail.comमा पठाउन सकिने छ । दरखास्त दस्तुर धुनिवेशी नगरपालिकाको खाता रहेको राष्ट्रिय वाणिज्य बैङ्कको शाखा कार्यालय खानीखोलाको आन्तरिक राजश्व खाता नं. १०८०१००३०१०१०००३ मा राजश्व शीर्षक १४२२४ मा मोबाइल बैंकिङ- DHUNIBESHI NA.PA.(GA-1-1)-AANTARIK वा नजिकको राष्ट्रिय वाणिज्य बैङ्कबाट राजश्व तिरेको भौचरको स्क्यान गरी माथिको ई-मेल ठेगानामा पठाउने ।

९. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक ।

१०. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार ।

११. आवश्यक कागजातहरु :

क) व्यक्तिगत निवेदन पत्र
ख) नेपाली नागरिकताको प्रतिलिपि
ग) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि
घ) अध्यापन अनुमति पत्र ।

१२. परीक्षामा उपस्थित हुँदा उम्मेद्वारले आवश्यक कागजातहरुका सक्कल प्रति पेस गर्नुपर्नेछ ।

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक

शिक्षा निर्देशक



CamScanner